# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
च.नं.: ९८२

मितिः २०८०/१२/२६

श्री रविना/अविसा जे.भी.,
कोटेश्वर-३२, काठमाडौं ।

**विषय : भवन बरबुझारथ सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यालयको ठे.नं. NCB/DRM/Bldg/15/2076/077 देवघाट गाउंपालिका प्रशासनिक भवन निर्माण योजनाको लागि त्यस फर्म र यस कार्यालय बीच मिति २०७७/३/२२ मा भएको सम्झौता बमोजिम २०७९/३/१८ मा सम्पन्न गर्नुपर्नेमा उक्त अवधिमा विविध कारणले निर्माण कार्य सम्पन्न हुन नसकी पटक पटक म्याद थप हुँदै पछिल्लो पटक थप भएको म्याद समेत २०८० माघ मसान्तमा सकिएको, २०८० माघ १५ मा त्यस फर्मलाई दशौं रनिङ विल भुक्तानी हुँदा केहि कार्य बाँकी रहेकोमा उक्त कार्य सम्पन्न गरी माघ मसान्तसम्ममा भवन बरबुझारथ गर्नुपर्नेमा उक्त रनिङ विल भुक्तानी भएपश्चात देखि नै भवनको मूल ढोकामा ताला लगाई हालसम्म बाँकी निर्माण कार्य अगाडि नबढेको साथै उक्त भवनमा छुट्टै ठेक्का मार्फत गर्न लागिएको लिफ्ट जडान कार्यमा समेत ताला नखुलेको कारण काम शुरु गर्न नपाएको भनी लिफ्ट जडान गर्ने कम्पनीबाट यस कार्यालयमा गुनासो गरिरहेको साथै २०८१ बैशाख १ गते देखि नयाँ भवनबाट यस गाउंपालिकाको प्रशासनिक कार्य शुभारम्भ गर्ने भनी तयार गरिएकोमा उक्त कार्यमा समेत अवरुद्ध भै कार्यालयलाई कठिनाई उत्पन्न हुन गएको हुँदा तत्काल ताला खोली बाँकी कार्य सम्पन्न गरि २०८१ बैशाख १ गतेसम्ममा बरबुझारथ गर्नुहुन अनुरोध गरिन्छ । यदि उक्त समयसिमामा समेत भवन बरबुझारथ नगरेमा त्यस फर्मलाई नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०८०।१२।२६

गौरी प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

गौरी प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत